# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७] काठमाडौं, फागुन ५ गते २०३४ साल [अतिरिक्ताङ्क ५६

## गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको सूचना

गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले गाउँ वा नगर पञ्चायतको प्रधान तथा उप-प्रधानपञ्चको लागि र जिल्ला पञ्चायतको सभापति तथा उप-सभापतिको तहमा उम्मेदवार हुनको लागि अन्य प्रचलित कानूनमा लेखिएको योग्यताको अतिरिक्त देहायबमोजिम आवश्यक योग्यता निर्धारण गरेको छ:

१. गाउँ वा नगर पञ्चायतको प्रधान तथा उप-प्रधानपञ्चको लागि हुने निर्वाचनमा उम्मेदवार हुनको लागि आवश्यक योग्यता:

(क) राजसंस्थाप्रति पूर्णतया बफादार,
(ख) श्री ५ को सक्रिय नेतृत्वमा आधारित दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्था प्रति पूर्ण आस्था राख्ने,
(ग) निर्दलीय व्यवस्थानुरूप राजनीतिक आचरण भएको,
(घ) स्थानीय क्षेत्रमा सामूहिक हितको निमित्त विकास कार्यमा योगदान दिन सक्ने,
(ङ) भ्रष्ट आचरण नभएको,
(च) आफ्नो गाउँ वा नगरको वस्तुस्थितिसंग परिचित,
(छ) स्थानीय जनशक्तिलाई परिचालन गर्न सक्ने क्षमता भएको,
(ज) अरू सदस्यको विचार बुझी सबैसंग मेलमिलाप राखी काम गर्न सक्ने,
(झ) क्षेत्रीय साम्प्रदायिक वा अन्य संकुचित स्वार्थबाट प्रभावित नभई सामूहिक हितलाई दृष्टिगत गरी काम गर्न सक्ने,
(ञ) विकास अनुदानको रकम वा अन्य सार्वजनिक रकमलाई निजी प्रयोगमा ल्याई वा अन्य प्रकारबाट हिनामिना नगरेको,
(ट) सामाजिक कुरीति र भ्रष्टाचारको विरोधमा जनमत तयार गर्न सक्ने क्षमता भएक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

693

(ठ) गाउँ वा नगर पञ्चायतको सदस्यबीच मेलमिलाप कायम राखी सो निकायलाई नेतृत्व प्रदान गर्न सक्ने क्षमता भएको,

(ड) गाउँफर्क राष्ट्रिय अभियान समिति, राष्ट्रिय पञ्चायत, जिल्ला पञ्चायत, नगर पञ्चायत, गाउँ पञ्चायत, नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल मजदूर संगठन र नेपाल भूतपूर्व सैनिक संगठनमध्ये कुनै एकको सदस्य भई काम गरेको ।

२. जिल्ला पञ्चायतको सभापति तथा उप-सभापतिको लागि हुने निर्वाचनमा उम्मेदवार हुनको लागि आवश्यक योग्यता:

(क) राजसंस्थाप्रति पूर्णतया बफादार,

(ख) श्री ५ को सक्रिय नेतृत्वमा आधारित दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाप्रति पूर्ण आस्था राख्ने,

(ग) निर्दलीय व्यवस्था अनुरूप राजनीतिक आचरण भएको,

(घ) स्थानीय क्षेत्रमा सामूहिक हितको निमित्त विकास कार्यमा योगदान दिन सक्ने,

(ङ) भ्रष्ट आचरण नभएको,

(च) स्थानीय जनशक्तिलाई परिचालन गर्न सक्ने क्षमता भएको,

(छ) आफ्नो जिल्लाको वस्तुस्थितिसंग परिचित हुनुका साथै जिल्लास्तरीय दृष्टिकोण राख्न सक्ने,

(ज) अरू सदस्यको विचार बुझी सबैसंग मेलमिलाप राखी काम गर्न सक्ने,

(झ) क्षेत्रीय साम्प्रदायिक वा अन्य संकुचित स्वार्थबाट प्रभावित नभई सामूहिक हितलाई दृष्टिगत गरी काम गर्न सक्ने,

(ञ) विकास अनुदानको रकम वा अन्य सार्वजनिक रकमलाई निजी प्रयोगमा ल्याई वा अन्य प्रकारबाट हिनामिना नगरेको,

(ट) सामाजिक कुरीति र गूटबन्दीको विरोधमा जनमत तयार गर्न सक्ने क्षमता भएको,

(ठ) जिल्ला पञ्चायतका सदस्यबीच मेलमिलाप कामय राखी सो निकायलाई नेतृत्व प्रदान गर्न सक्ने क्षमता भएको,

(ड) गाउँफर्क राष्ट्रिय अभियान समिति, राष्ट्रिय पञ्चायत, जिल्ला पञ्चायत, गाउँ पञ्चायत वा नगर पञ्चायत वा नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल मजदूर संगठन र नेपाल भूतपूर्व सैनिक संगठन मध्ये कुनै एकको प्रारम्भिक कार्य समितिको वा सोदेखि माथिल्लो तहको सदस्य भै काम गरेको ।

आज्ञाले—
डा. मोहम्मद मोहसिन
सदस्य—सचिव
गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

698